# काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

www.kankrebihar.com

राष्ट्रिय दैनिक








राष्ट्रिय संस्करण | वर्ष : २५ | अंक : १६० | सोमवार, ९ चैत, २०८२ | Monday, 23 Mar. 2026 | नेपाल संवत ११४६ | पृष्ठ : ४ | मूल्य : रू. १०


# कर्णालीलाई सबैभन्दा बढी समानीकरण अनुदान, १० अर्ब ६३ करोड २३ लाख प्राप्त हुने


काँक्रेविहार संवाददाता
सुर्खेत, ८ चैत


कर्णाली प्रदेशले सबैभन्दा बढी १० अर्ब ६३ करोड २३ लाख रुपैयाँ समानीकरण अनुदान पाउने भएको छ। राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसका आधारमा कर्णालीले अन्य प्रदेशहरूको तुलनामा सबैभन्दा बढी समानीकरण अनुदान पाउने भएको हो।

आयोगले आर्थिक वर्ष २०८३/८४ का लागि संघबाट प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान, सशर्त अनुदानका आधार र आन्तरिक ऋणको सीमा सम्बन्धी सिफारिस सरकारलाई बुझाएको छ। उक्त सिफारिसमा कर्णालीलाई सबैभन्दा बढी समानीकरण अनुदान दिन सुझाव दिइएको छ।

भौगोलिक विकटता, न्यून राजस्व क्षमता र विकासका चुनौतीलाई मध्यनजर गर्दै कर्णालीलाई उच्च प्राथमिकतामा राखिएको आयोगले जनाएको छ। यसैगरी आयोगले सशर्त अनुदानका लागि स्पष्ट मापदण्ड र कडा सर्तहरू पनि निर्धारण गरेको छ, भने आन्तरिक ऋण परिचालनका लागि पनि प्रदेश तथा स्थानीय तहलाई तोकिएको सीमाभित्र रहेर मात्र ऋण लिनुपर्ने व्यवस्था प्रस्ताव गरेको छ।

आयोगको यो सिफारिसले संघ, प्रदेश र स्थानीय तहबीच वित्तीय सन्तुलन कायम गर्दै सेवा प्रवाह प्रभावकारी बनाउने अपेक्षा गरिएको छ। संघीय शासन प्रणाली कार्यान्वयनको महत्वपूर्ण आधार मानिएको वित्तीय हस्तान्तरण प्रणालीलाई थप व्यवस्थित, पारदर्शी र कार्यसम्पादनमा आधारित बनाउन आयोगले कुल एक खर्ब ५१ अर्ब ७० करोड रुपैयाँ समानीकरण अनुदान सिफारिस गरेको हो।

आयोगका अनुसार उक्त रकममध्ये सात प्रदेशले ६१ अर्ब ५० करोड रुपैयाँ र ७५३ स्थानीय तहले ९० अर्ब २० करोड रुपैयाँ प्राप्त गर्नेछन्। यसअनुसार समानीकरण अनुदानमा स्थानीय तहको हिस्सा ५९.४६ प्रतिशत र प्रदेशको हिस्सा ४०.५४ प्रतिशत रहनेछ।

आयोगले अनुदान वितरण गर्दा प्रदेश तथा स्थानीय तहको खर्च आवश्यकता, भौगोलिक अवस्था, जनसंख्या, मानव विकास सूचकांक तथा राजस्व संकलन क्षमता लगायतका सूचकलाई आधार बनाएको जनाएको छ।




## कुन प्रदेशलाई कति अनुदान ?

आयोगको सिफारिस अनुसार प्रदेशहरूमा कर्णाली प्रदेशले सबैभन्दा बढी अनुदान प्राप्त गर्नेछ। यसमध्ये कोशी प्रदेशले ९ अर्ब ११ करोड ८६ लाख, मधेसले ७ अर्ब ८४ करोड ४५ लाख, बागमतीले ८ अर्ब ४२ करोड ९७ लाख तथा गण्डकीले ७ अर्ब ८४ करोड ८२ लाख रुपैयाँ प्राप्त गर्नेछन्। त्यस्तै, लुम्बिनी प्रदेशले ८ अर्ब ५६ करोड २६ लाख, कर्णालीले १० अर्ब ६३ करोड २३ लाख र सुदूरपश्चिमले ९ अर्ब ६ करोड ३३ लाख रुपैयाँ बराबरको आन्तरिक ऋण दिन सिफारिस गरिएको छ। स्थानीय तहतर्फको ९० अर्ब २० करोड ४६ लाख रुपैयाँ भने जनसंख्या, क्षेत्रफल, मानव विकास सूचकांक, पूर्वाधारको अवस्था र राजस्व परिचालन क्षमताका आधारमा ७५३ वटै तहलाई वितरण हुनेछ। यसमध्ये काठमाडौं महानगरपालिकालाई ६८ करोड ७० लाख र सबैभन्दा कम लमजुङको दुधपोखरी गाउँपालिकालाई ७ करोड ३७ लाख अनुदान सिफारिस गरिएको छ।

आयोगले बजेट मार्फत वितरण हुने अनुदानलाई न्यूनतम, सूत्रमा आधारित र कार्यसम्पादनमा आधारित गरी तीन भागमा विभाजन समेत गरेको छ। यसमध्ये न्यूनतम र सूत्रमा आधारित अनुदानका लागि जनसंख्या, क्षेत्रफल र वित्तीय आवश्यकतालाई आधार मानिएको छ। कार्यसम्पादन मूल्यांकनका लागि प्रदेशतर्फ ११ वटा र स्थानीय तहतर्फ १७ वटा सूचक निर्धारण गरिएको छ। यी आधारहरुमा बेरुजुको अवस्था, बजेट कार्यान्वयन, राजस्व संकलन तथा स्थानीय तहले आफ्नो आय-व्ययको विवरण अनिवार्य रूपमा प्रणालीमा प्रविष्टि गरेको विवरणलाई आधार लिइएको छ। सिफारिस अनुसार कार्यसम्पादनमा राम्रो गर्ने प्रदेशले चार प्रतिशत थप अनुदान पाउने छन्। यो दुई अर्ब ४६ करोड दुई लाख रुपैयाँ रहेको छ। स्थानीय तहतर्फ भने कार्यसम्पादनका आधारमा ती अर्ब ६० करोड ६९ लाख रुपैयाँ वितरण गरिने छ।

## सशर्त अनुदानमा नयाँ शर्त

आयोगले आगामी वर्षका लागि सशर्त अनुदान वितरणमा समेत सुधारका लागि सिफारिस गरेको छ। विगतमा सशर्त अनुदानका नाममा साना र खुद्रा योजनाहरू पठाउने गरिएकोमा यसपटक आयोगले राष्ट्रिय मानक र दीर्घकालीन प्रतिफललाई आधार मान्नुपर्ने उल्लेख गरेको छ।

सिफारिस अनुसार अब अबदेखि प्रदेश र स्थानीय तहको एकल अधिकारभित्रका साना र टुक्रे आयोजनामा संघबाट सशर्त अनुदानस्वरुप दिन पाइने छैन। त्यस्तै, संघीय सरकारले तोकेको राष्ट्रिय नीति, मानक र अन्तर्राष्ट्रिय प्रतिबद्धता पूरा गर्नुपर्ने क्षेत्रमा मात्र अनुदान केन्द्रित हुनुपर्नेछ।

अनुदानको रकम विनियोजन गर्दा हासिल गर्नुपर्ने नतिजा सूचक स्पष्ट रूपमा तोक्न समेत सरकारलाई सिफारिस गरिएको छ। एउटै आयोजनामा दुई वा सोभन्दा बढी तहबाट बजेट विनियोजन हुने अवस्थालाई पूर्णतः रोक लगाउन भनिएको छ।

सशर्त अनुदानका आयोजनाहरू छनोट गर्दा सम्बन्धित प्रदेश वा स्थानीय तहको आवश्यकता र मागलाई ध्यान दिनुपर्नेछ। सशर्त अनुदानलाई 'उपहार' नभएर 'जिम्मेवारी'को रूपमा परिभाषित गर्नुपर्ने र यसलाई कार्यसम्पादनसँग जोड्नुपर्ने सुझाव सरकारलाई दिएको आयोगका कार्यबाहक अध्यक्ष जुद्धबहादुर गुरुङ बताउँछन्। संघले स्थानीय आवश्यकताको प्रतिकूल हुनेगरी सिफारिस गरेको पाइएपछि यसमा कडाइ गरिएको उनको भनाइ छ।

## तीनै तहलाई आन्तरिक ऋणको सिलिङ

आयोगले गरेको सिफारिसमा संघ, प्रदेश तथा स्थानीय तहले उठाउनसक्ने आन्तरिक ऋणको सिलिङ समेत निर्धारण गरिएको छ। यसमध्ये संघलाई अनुमानित कुल गार्हस्थ्य उत्पादन (जीडीपी) को ५.५ प्रतिशतको सीमालाई यथावत् राखिएको छ। अहिलेको ६१ खर्ब ७ अर्ब रुपैयाँको अर्थतन्त्र अनुसार यो ३ खर्ब ३५ अर्ब रुपैयाँ हुन आउँछ।

अर्कोतिर प्रदेश र स्थानीय तहले आफ्नो विकास निर्माणका लागि लिन सक्ने आन्तरिक ऋणको सीमा आन्तरिक आयको १२ प्रतिशत तोकिएको छ। प्रदेश र स्थानीय तहले गर्ने आम्दानी र राजस्व बाँडफाँटबापत प्राप्त हुने रकमलाई जोडेर आउने कुल रकमको १२ प्रतिशत बराबरको ऋण उठाउन सक्नेगरी सिफारिस गरिएको हो।

तर, यतिका आधारमा मात्रै ऋण लिन भने पाइने छैन। यसका लागि लागत-लाभ विश्लेषण र प्रतिफलको सुनिश्चितता समेत गर्नु पर्नेछ। यसरी ऋण लिनुपूर्व प्रदेशको हकमा संघीय सरकार र स्थानीय तहको हकमा संघीय र प्रदेश सरकारको अनुमति लिनुपर्ने व्यवस्था छ। यो व्यवस्थाका कारण अधिकांश प्रदेश र स्थानीय तहले ऋण लिन नसकिरहेको आयोगका अध्यक्ष गुरुङ बताउँछन्।

उनका अनुसार ऋणको सीमा १२ प्रतिशत तोकिए पनि अहिलेसम्म कसैले लिएका छैनन्। कानुनी संरचना नबन्नु र संघीय सरकारको इच्छाशक्ति कम हुनु नै यसको मुख्य कारण रहेको उनले बताए। 'संघीय सरकारले पनि यसमा खासै प्रोत्साहन गरेको देखिँदैन, पालिकाहरूले धेरै ऋण लिएर के गर्लान् भन्ने आशंका पनि छ' उनले भने, 'यसरी लिने ऋण पनि सवारी साधन खरिद, प्रशासनिक भवन निर्माण लगायत अनुत्पादक क्षेत्रमा खर्च गर्न प्रतिबन्ध लगाइएको छ।'

# चुनावी हारले बढ्दैछ कांग्रेस-एमालेमा 'आन्तरिक' कलह


काँक्रेविहार संवाददाता
काठमाडौं, ८ चैत


फागुन २१ मा सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा पराजयसँगै अधिल्लो संसद्का ठुला दुइ दल नेपाली कांग्रेस र नेकपा एमालेमा कलह चर्किन थालेको छ। जेनजी आन्दोलनपछि विशेष महाधिवेशनमार्फत कांग्रेसमा नयाँ नेतृत्व र ११औं महाधिवेशनमार्फत एमालेमा केपी शर्मा ओली तेस्रो कार्यकालका लागि नेतृत्वमा आए पनि निर्वाचनमा उनीहरूका लागि अपेक्षित नतिजा आएन। अहिले दुवै पार्टीभित्र नेताहरू एकअर्कालाई दोषारोपण गरिरहेका छन्।

कांग्रेसका महाधिवेशन प्रतिनिधिहरूले तात्कालीन संस्थापन पक्षको विरोधका बिच पुसको अन्त्यमा विशेष महाधिवेशन गरेर नेतृत्व परिवर्तन गरे 'बदल्यौं कांग्रेस, बदल्छौं देश' को नारा दिएर निवर्तमान सभापति शेरबहादुर देउवा, कार्यवाहक सभापति पूर्णबहादुर खड्का र 'इतर समुह भनिने शेखर कोइरालाहरुले दिएको कानुनी चुनौती झेल्दै नयाँ नेतृत्व प्रतिनिधिसभाको निर्वाचनमा होमिएको थियो तर मतदाताले उसको नारामा विश्वास नगरेको प्राप्त नतिजाले देखाइदिएको छ। नयाँ जनादेश अनुसार कांग्रेस संसद्मा पहिलोबाट दोस्रो दल मात्रै बनेन, पहिलो र दोस्रोबिचको अन्तर निकै फराकिलो बन्यो।

अधिल्लो (२०७९) निर्वाचनमा ८८ सांसदसहित संसद्को सबैभन्दा ठुलो दल बनेको कांग्रेस यो पटक ३८ सांसदसहित दोस्रोमा सीमित बनेको छ भने त्यतिबेला चौथो दल मात्र रहेको राष्ट्रिय स्वतन्त्र पार्टी १८२ सिट (दुई तिहाइ नजिक) जित्दै पहिलो दल बनेको छ।

यो निर्वाचनबाट कांग्रेसले प्रतिनिधिसभामा ५० सिट गुमाएको छ। कांग्रेसको देउवा-कोइराला पक्षले सर्वोच्च अदालतमा हालेको मुद्दा त विचाराधीन छँदैछ, त्यो समुहले समानान्तर गतिविधि गर्ने तयारी पनि थालेको छ।

सानेपामा कांग्रेस केन्द्रीय समिति बैठक जारी रहँदा देउवा-कोइराला पक्षले छुट्टै केन्द्रीय समिति बैठक बोलाउने तयारी गरेबाटै पनि कांग्रेसभित्र आन्तरिक किचलो कुन हदसम्म पुगेको छ भन्ने पुष्टि हुन्छ। त्यति मात्रै होइन, चुनावमा देउवा-कोइराला पक्षले चुनावमा आफ्नै पार्टीका उम्मेदवार हराउन भूमिका खेलेको सभापति गगन थापा पक्षको विश्लेषण भइरहँदा देउवा कोइराला पक्ष भने चुनावको मुखमा नेतृत्व परिवर्तनको असर भनिरहेको छ।

शुक्रबारबाट सुरू भएको कांग्रेस बैठकमा सभापति गगन थापाले राजीनामा दिएको विषय र राजीनामा अस्वीकृत गर्ने नेताहरुको अभिव्यक्तिलाई लिएर देउवा पक्षले 'स्टन्ट' र 'नाटक'को संज्ञा दिइरहेका छन्।

# अन्तर्घातले २१ ठाउँ चुनाव हारिएको कांग्रेसको निचोड


काँक्रेविहार संवाददाता
काठमाडौं, ८ चैत




नेपाली कांग्रेसले पार्टीको आन्तरिक कारणले प्रतिनिधिसभा निर्वाचनमा पराजित भएको प्रारम्भिक निचोड निकालेको छ। घात अन्तर्घातका कारण हारिएका क्षेत्र २१ सीट रहेको प्रवक्ता देवराज चालिसेले बताए।

सानेपामा जारी केन्द्रीय कार्यसमिति बैठकबीच सञ्चारकर्मीसँग कुरा उनले पार्टीले पराजय भोगेको अधिकांश क्षेत्रको मतान्तरलाई हेर्दा पार्टीको आन्तरिक कारण देखिएको बताए।

५ भोटदेखि ३ हजार मतान्तर हारिएको ठाउँ २१ क्षेत्र रहेको उनको भनाइ छ। ३ देखि ५ हजार मतान्तर रहेको क्षेत्रमा पनि अन्तर्घातसँगै चुनावी क्याम्पियन चलाउने प्रक्रियामा त्रुटि भए कि भन्ने प्रारम्भिक निचोड रहेको चालिसेले बताएका छन्। त्यस्तै, ५-१० हजारदेखि ठूलो मतान्तरमा पराजित भएका क्षेत्रमा आन्तरिक कारण, अभियान र न्यारेटिभ कारक देखिएको कांग्रेसको विश्लेषण छ। कतिपय क्षेत्रमा जनताको विश्वासमै प्रश्न उठेको हो कि भन्ने सघनतापूर्वक छलफल भएको प्रवक्ता चालिसेले सुनाए।

क्रियाशील सदस्यको संख्या बढ्दै जाँदा मत भने घट्दै गएकाले निर्वाचनको परिणामलाई गहिरो र तथ्यमा आधारित भएर पार्टीले विश्लेषण गर्ने उनको भनाइ छ। चालिसेले भने, 'साढे ८ लाख क्रियाशील सदस्य रहेको पार्टीमा एउटा घरमा ४ लाख सदस्यको हिसाब गर्दा पनि किन १७ लाखमात्र मत आयो ?' चुनावी नतिजाबारे पार्टीमा प्रस्तुत भएका प्रतिवेदन र जिल्लाबाट आएका रिपोर्टलाई एकै ठाउँमा राखेर सुक्ष्म अध्ययनपछि निष्कर्ष निकाल्ने उनले जानकारी दिए। आगामी दिनमा कांग्रेस नवजीवन र पुनः सुदृढ गर्दै अघि बढ्ने उनले बताए।

# राष्ट्रिय मान्यता प्राप्त ६ दलमध्ये २ दलले प्रमुख सचेतकको सुविधा नपाउने


काँक्रेविहार संवाददाता
काठमाडौं, ८ चैत


गत फागुन २१ गते सम्पन्न प्रतिनिधि सभा निर्वाचनबाट ६ दलले राष्ट्रिय मान्यता पाएका छन्। प्रत्यक्षतर्फ १ सिट र समानुपातिक प्रणालीतर्फ खसेर सदर भएको मतको ३ प्रतिशत मत पाउने दलले राष्ट्रिय मान्यता पाउँछन्।

कानुनमा निर्धारण भएको त्यो मापदण्ड पूरा गरेर ६ दलले राष्ट्रिय मान्यता पाएका छन्। राष्ट्रिय स्वतन्त्र पार्टी, नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टी, श्रम संस्कृति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीले राष्ट्रिय दलको मान्यता पाउन सफल भएका हुन्।

राष्ट्रिय मान्यता प्राप्त दलले सरकारबाट पाउने विभिन्न सेवा सुविधा थप पाउने व्यवस्था सङ्घीय संसद्का पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधासम्बन्धी ऐन २०७३ ले गरेको छ। तर, त्यही ऐनका कारण राष्ट्रिय मान्यता प्राप्त दल बने पनि श्रम संस्कृति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीले प्रमुख सचेतकको सुविधा नपाउने भएका हुन्।

ऐनको दफा २ को (ञ) मा तोकिएको व्यवस्थाका कारण यी दुई दलले प्रमुख सचेतकको सुविधा नपाउने भएका हुन्। (ञ) मा लेखिएको छ, 'दलको प्रमुख सचेतक भन्नाले प्रतिनिधिसभामा दश जना भन्दा बढी सदस्यहरू रहेको दलको नेताले सो दलको प्रमुख सचेतक भई काम गर्न तोकेको त्यस्तो सभाको सदस्य सम्झनुपर्छ।'

तर, श्रम संस्कृति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीले १० सिट पुऱ्याएका छैनन्। श्रम संस्कृति पार्टीले ७ र राष्ट्रिय प्रजातन्त्र पार्टीले ५ सिट जितेका छन्। यसले उनीहरूको ऐन अनुसार प्रमुख सचेतकको सुविधा पाउने मापदण्ड नपुगेको हो।

तिनिधिसभामा पहिलो ठुलो दल बनेको राष्ट्रिय स्वतन्त्र पार्टीले १८२, नेपाली कांग्रेसले ३८, नेकपा एमालेले २५ र नेपाली कम्युनिस्ट पार्टीले १७ जना सांसद जितेका छन्।

ऐनमा प्रमुख सचेतक बनाउन मापदण्ड पुग्ने दलका प्रमुख सचेतकले सवारी सुविधा र प्रथम स्तरको दुई जना सवारीचालक प्राप्त गर्ने व्यवस्था छ।

ऐनको अनुसूची २ मा दलको प्रमुख सचेतकका लागि छुट्टै कार्यालयसहित एक जना कार्यालय सहयोगी पनि पाउने उल्लेख छ। प्रमुख सचेतकले अतिथि सत्कार खर्च पनि पाउँछ।

सङ्घीय संसद् सचिवालयले प्रमुख सचेतकलाई अतिथि सत्कार बापत मासिक १५ हजार उपलब्ध गराउने ऐनमा व्यवस्था छ। स्वकीय सचिवका लागि प्रमुख सचेतकले उपसचिवस्तरको पदमा एक जनालाई नियुक्त गर्न पाउने व्यवस्था पनि ऐनमा छ।

सम्पादकीय

# ट्राफिक अनुशासनको पालना गरौं

नेपालका सडकहरू दिनानुदिन व्यस्त बन्दै गइरहेका छन् । सवारी साधनको संख्या बढेसँगै दुर्घटनाका घटनाहरू पनि चिन्ताजनक रूपमा बढिरहेका छन् । वीरेन्द्रनगर, सुर्खेतस्थित राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालयले फागुन महिनामा सार्वजनिक गरेको तथ्यांकले यही यथार्थलाई उजागर गरेको छ-नियम उल्लंघन गर्ने प्रवृत्ति अझै नियन्त्रणमा आउन सकेको छैन । एक महिनामै एक हजारभन्दा बढी सवारी साधनमाथि कारबाही हुनु र लाखौँ रूपैयाँ राजस्व संकलन हुनु केवल आर्थिक उपलब्धि मात्रै होइन । यो हाम्रो लापरबाहीको प्रतिबिम्ब हो । अझ गम्भीर पक्ष भनेको सोही अवधिमा ९३ वटा दुर्घटना हुनु र आठ जनाले ज्यान गुमाउनु हो । यी तथ्यांकहरूले स्पष्ट संकेत गर्छ कि हामी अझै ट्राफिक अनुशासनको पालना गर्दैनौं अर्थात ट्राफिक नियमलाई गम्भीरतापूर्वक लिँदैनौं । दुर्घटनाका प्रमुख कारणमध्ये चालकको लापरबाही सबैभन्दा अगाडि देखिनु अत्यन्तै चिन्ताजनक छ । तीव्र गति, मादक पदार्थ सेवन गरी सवारी चलाउने (मापसे), चालकको असक्षमता तथा जथाभावी पार्किङ जस्ता यी सबै व्यवहारले दुर्घटनालाई निम्त्याइरहेका छन् । सवारी साधनको प्राविधिक कमजोरी, सडकको अवस्था, र अन्य कारणहरू पनि जिम्मेवार छन्, तर मूल समस्या मानव व्यवहारमै केन्द्रित देखिन्छ ।

ट्राफिक व्यवस्थापन कार्यालय सुर्खेतले फागुन महिनामा सवारी साधनमाथि गरिएको ट्राफिक कारबाहीबाट उल्लेखनीय राजस्व संकलन गरेको छ । कार्यालयका अनुसार सो अवधिमा कुल एक हजार ४३१ वटा सवारी साधनमाथि कारबाही गरिएको थियो । जसबाट १३ लाख ८० हजार रूपैयाँ राजस्व संकलन भएको छ । फागुन महिनाभर ट्राफिक प्रहरीले ७८ हजार ८३९ वटा सवारी साधनको चेकजाँच गरेको थियो । उक्त अवधिमा बन्द, चक्काजाम, आन्दोलन वा हड्तालजस्ता कुनै गतिविधि भएको छैन । सवारी दुर्घटनातर्फ भने ९३ वटा दुर्घटना भएको तथ्यांक सार्वजनिक गरिएको छ । ती दुर्घटनामा १३१ वटा सवारी साधन संलग्न रहेका थिए । दुर्घटनामा परी आठ जनाको मृत्यु भएको छ, जसमा सात जना पुरूष र एक जना महिला रहेका छन् । भने दुर्घटनामा १६० जना घाइतेमध्ये ९३ पुरूष, ४७ महिला, १० बालक र १० बालिका छन् । तीमध्ये ६४ जना गम्भीर र ९६ जना सामान्य घाइते भएका थिए । कुल ९३ वटै दुर्घटनामा ट्राफिक प्रहरीले सक्रिय रूपमा उद्धार गरेको थियो । सबैभन्दा धेरै दुर्घटना सवारी चालकको लापरबाहीका कारण भएका हो, जसको संख्या ६८ छ । तीमध्ये तीव्र गति, मापसे, चालकको असक्षमता तथा गलत स्थानमा पार्किङ जस्ता प्रमुख कारण छन् ।

तसर्थ सकारात्मक पक्ष के छ भने ट्राफिक प्रहरीले गस्ती र सचेतनामूलक कार्यक्रमलाई तीव्र बनाएको छ । विद्यालयदेखि समुदायसम्म हजारौं नागरिकलाई ट्राफिक सचेतना प्रदान गरिनु स्वागतयोग्य कदम हो । यस्ता कार्यक्रमले दीर्घकालीन रूपमा व्यवहार परिवर्तनमा योगदान पुऱ्याउन सक्छन् । तर, केवल प्रहरीको प्रयासले मात्र पर्याप्त हुँदैन । यसमा नागरिक स्वयं सचेत र जिम्मेवार पनि बन्नुपर्छ । ट्राफिक नियम पालना गर्नु कुनै बोझ होइन । यो आफ्नै जीवन र अरूको सुरक्षाका लागि आवश्यक न्यूनतम दायित्व हो । हेल्मेट लगाउनु, सिटबेल्ट बाँध्नु, गति नियन्त्रणमा राख्नु, मापसे नगर्नु जस्ता यी सामान्य नियमहरूको पालना गर्दा धेरै दुर्घटना टार्न सकिन्छ । भने सुरक्षित यात्रा केवल सरकारी अभियान मात्रै पनि होइन, यो हाम्रो सामूहिक संस्कार हो । जबसम्म हामी प्रत्येकले 'म सुरक्षित चलाउँछु' भन्ने प्रतिबद्धता लिँदैनौं, तबसम्म दुर्घटनाका खबरहरू घट्ने छैनन् । त्यसैले आजैदेखि नियम पालना गरौं । किनकि एक सानो लापरबाहीले ठूलो क्षति निम्त्याउन सक्छ । यसमा सबै सचेत बनौ र बनाऔं ।

# युद्धको छाँयामा नेपाली श्रमिक



रोशन देव

**रोजगारीको सवाल यस संकटको मूल जड हो। नेपालभित्रै पर्याप्त रोजगारी सिर्जना हुन नसक्दा युवाहरू बिदेसिन बाध्य भएका छन्। उनीहरू ऋण लिएर, परिवारको आशा बोकेर र भविष्यको सपना देखेर बिदेसिन्छन्। तर जब त्यही गन्तव्य क्षेत्र युद्धको जोखिममा पर्छ, तब उनीहरूको सपना, परिवार को भविष्य र राष्ट्रको आर्थिक आधार सबै एकैचोटि संकटमा पर्छ।**

मध्यपूर्वमा चर्किँदै गएको युद्ध केवल क्षेत्रीय शक्ति सन्तुलनको विषय मात्र होइन, यो विश्वव्यापी प्रभाव बोकेको एउटा गम्भीर संकट हो, जसको प्रत्यक्ष असर हजारौँ किलोमिटर टाढा रहेका नेपाली प्रवासीहरूको जीवनमा परिरहेको छ।

खाडी मुलुकहरू यूएई, कतार, साउदी अरब, कुवेत, बहराइन र ओमान जहाँ लाखौँ नेपाली युवाहरूले आफ्नो श्रम, पसिना र समय समर्पण गरेका छन्, आज त्यही क्षेत्र अस्थिरताको चपेटामा पर्दै गएको छ। यसले केवल उनीहरूको व्यक्तिगत जीवनमा होइन, नेपाल राष्ट्रको आर्थिक संरचना, सामाजिक स्थायित्व र भविष्यको दिशामै प्रश्नचिह्न खडा गरेको छ।

नेपालबाट वैदेशिक रोजगारीका लागि बाहिरिने युवाहरूको संख्या हरेक दिन बढिरहेको छ। देशभित्र पर्याप्त रोजगारीको अभाव, राजनीतिक अस्थिरता, कमजोर औद्योगिक विकास र अवसरको कमीले नेपाली युवालाई बाध्य बनाएको छ कि उनीहरू आफ्नो घरपरिवार छोडेर बिदेसिनुपरोस्। खाडी मुलुकहरू नेपाली श्रमिकहरूको प्रमुख गन्तव्य बनेका छन्, जहाँ उनीहरू निर्माण, सेवा, सुरक्षा तथा अन्य श्रमप्रधान क्षेत्रमा कार्यरत छन्। तर यथार्थ के हो भने, यी क्षेत्रमा काम गर्ने अधिकांश नेपालीहरू न्यूनतम सुरक्षा, सीमित अधिकार र उच्च जोखिमको बीचमा आफ्नो जीवन चलाइरहेका छन्। यस्तो अवस्थामा युद्धको सानो संकेतले पनि उनीहरूको जीवनमा ठुलो संकट ल्याउन सक्छ। कम्पनी बन्द हुने, परियोजनाहरू रोकिने, तलब रोकिने, वा आकस्मिक रूपमा देश फर्किनुपर्ने अवस्था सिर्जना हुनु कुनै असम्भव कुरा होइन।

यस सन्दर्भमा नेपालको अर्थतन्त्रमा रेमिट्यान्सको भूमिका झन् गम्भीर रूपमा बुझ्नुपर्ने हुन्छ। आज नेपालको अर्थतन्त्र ठुलो मात्रामा विदेशबाट आउने रेमिट्यान्समा निर्भर छ। लाखौँ परिवारहरूको दैनिक जीवन, बालबालिकाको शिक्षा, स्वास्थ्य सेवा, घर निर्माण र सामाजिक प्रतिष्ठा सबै रेमिट्यान्सले धानेको छ। ग्रामीण नेपालमा त झन् रेमिट्यान्स बिना जीवन कल्पना गर्न नै गाह्रो भइसकेको छ। यस्तो अवस्थामा यदि मध्यपूर्वमा युद्ध लम्बिन्छ वा ती देशहरूको आर्थिक गतिविधि प्रभावित हुन्छ भने, त्यसको सीधा असर नेपालमा आउने रेमिट्यान्समा पर्छ। रेमिट्यान्स घट्नु भनेको केवल आम्दानी घट्नु मात्र होइन, यसले समग्र अर्थतन्त्रमा मन्दी ल्याउन सक्छ, बेरोजगारी बढाउन सक्छ र सामाजिक असन्तुलन सिर्जना गर्न सक्छ।

रोजगारीको सवाल यस संकटको मूल जड हो। नेपालभित्रै पर्याप्त रोजगारी सिर्जना हुन नसक्दा युवाहरू बिदेसिन बाध्य भएका छन्। उनीहरू ऋण लिएर, परिवारको आशा बोकेर र भविष्यको सपना देखेर बिदेसिन्छन्। तर जब त्यही गन्तव्य क्षेत्र युद्धको जोखिममा पर्छ, तब उनीहरूको सपना, परिवारको भविष्य र राष्ट्रको आर्थिक आधार सबै एकैचोटि संकटमा पर्छ।

युद्धको अर्को गम्भीर प्रभाव कच्चा तेल (क्रुड आयल) को मूल्यमा देखिन थालेको छ। वर्तमान संकटका कारण अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य प्रति ब्यारेल १२० अमेरिकी डलरभन्दा माथि पुगिसकेको छ र विज्ञहरूका अनुसार यो मूल्य २०० डलरसम्म पुग्ने सम्भावना समेत व्यक्त गरिएको छ। यस्तो तीव्र वृद्धि केवल तेल उत्पादक देशहरूका लागि मात्र होइन, सम्पूर्ण विश्व अर्थतन्त्रका लागि गम्भीर संकेत हो। तेलको मूल्य बढ्दा यातायात, उत्पादन, खाद्यान्न र दैनिक उपभोग्य वस्तुहरूको मूल्य स्वतः बढ्छ। यसले विश्वव्यापी मुद्रास्फीति बढाउँछ, बजार अस्थिर बनाउँछ र कमजोर अर्थतन्त्र भएका देशहरूलाई अझ गहिरो संकटमा धकेल्छ।

नेपालजस्तो आयातमुखी देशका लागि यो अवस्था अझ चुनौतीपूर्ण हुन्छ। पेट्रोलियम पदार्थको मूल्य वृद्धि हुँदा ढुवानी लागत बढ्छ, जसको प्रत्यक्ष असर बजारमा देखिन्छ। महँगी बढ्छ, जनताको क्रयशक्ति घट्छ र आर्थिक असन्तुलन झन् गहिरिन्छ। यसले केवल शहरमा मात्र होइन, ग्रामीण क्षेत्रसम्म प्रभाव पार्छ। दैनिक जीवनयापन महँगो बन्छ र सामाजिक असन्तोष बढ्न सक्छ।

रोजगारीको सवाल यस संकटको मूल जड हो। नेपालभित्रै पर्याप्त रोजगारी सिर्जना हुन नसक्दा युवाहरू बिदेसिन बाध्य भएका छन्। उनीहरू ऋण लिएर, परिवारको आशा बोकेर र भविष्यको सपना देखेर बिदेसिन्छन्। तर जब त्यही गन्तव्य क्षेत्र युद्धको जोखिममा पर्छ, तब उनीहरूको सपना, परिवारको भविष्य र राष्ट्रको आर्थिक आधार सबै एकैचोटि संकटमा पर्छ। यो केवल व्यक्तिगत विफलता होइन, यो राज्यको नीतिगत असफलताको परिणाम हो। यदि नेपालले आफ्नो युवालाई स्वदेशमै सम्मानजनक रोजगारी दिन सकेको भए, आज यो स्तरको निर्भरता र जोखिम सायद हुँदैनथ्यो।

युद्धको प्रभाव केवल आर्थिक पक्षमा सीमित हुँदैन। यसले नेपाली प्रवासीहरूको मानसिक स्वास्थ्य, सामाजिक सम्बन्ध र व्यक्तिगत सुरक्षामा गहिरो असर पार्छ। अनिश्चितता, डर, परिवारप्रतिको चिन्ता र भविष्यप्रतिको असमञ्जसले उनीहरूलाई निरन्तर तनावमा राख्छ। विगतका द्वन्द्वहरूले देखाइसकेको छ कि यस्ता परिस्थितिमा निर्दोष श्रमिकहरू सबैभन्दा बढी पीडित हुन्छन्। उनीहरू न त युद्धका पक्ष हुन्, न त निर्णयकर्ताहरू तर परिणाम उनीहरूले नै भोग्नुपर्छ।

यस्तो गम्भीर परिस्थितिमा नेपाल सरकारको भूमिका अत्यन्त महत्वपूर्ण हुन्छ। राज्य केवल कर संकलन गर्ने वा रेमिट्यान्सको तथ्यांक गणना गर्ने संस्था होइन, यो आफ्ना नागरिकहरूको सुरक्षा, सम्मान र अधिकारको ग्यारेन्टी गर्ने संरचना हो। तर यथार्थमा हेर्दा, वैदेशिक रोजगारीसँग सम्बन्धित नीतिहरू अझै कमजोर देखिन्छन्। दूतावासहरूको सक्रियता पर्याप्त छैन, आपतकालीन उद्धार योजना स्पष्ट र प्रभावकारी देखिँदैन, र श्रमिकहरूको सुरक्षाका लागि कडा कूटनीतिक पहलको अभाव छ। यस्तो अवस्थामा सरकारले तत्कालै आफ्नो भूमिका पुनःपरिभाषित गर्न आवश्यक छ। युद्धको अवस्थामा रहेका देशहरूमा रहेका नेपालीहरूको अवस्थाको निरन्तर अनुगमन, आवश्यक परे तुरुन्त उद्धारको व्यवस्था, सुरक्षित आवास र तलबको सुनिश्चितता तथा सम्बन्धित देशहरूसँग कूटनीतिक पहल अनिवार्य छ।

दीर्घकालीन रूपमा हेर्दा, नेपालले आफ्नो श्रम नीतिमा आमूल परिवर्तन गर्नुपर्ने देखिन्छ। केवल खाडी मुलुकहरूमा निर्भर रहने अवस्था दीर्घकालीन रूपमा जोखिमपूर्ण छ। रोजगारीका गन्तव्यहरू विविधीकरण गर्नुपर्ने, युरोप, एशिया तथा अन्य सम्भावित क्षेत्रहरूमा अवसर खोज्नुपर्ने, र सबैभन्दा महत्वपूर्ण कुरा स्वदेशमै रोजगारी सिर्जना गर्ने दीर्घकालीन योजना लागू गर्नुपर्ने समय आएको छ। कृषि, उद्योग, पर्यटन र प्रविधि क्षेत्रमा लगानी बढाएर युवालाई देशभित्रै अवसर दिन सकियो भने मात्र यस्तो संकटबाट दीर्घकालीन रूपमा बच्न सकिन्छ।

यो संकटलाई केवल नकारात्मक दृष्टिले मात्र हेर्नु हुँदैन। यो एउटा चेतावनी पनि हो, जसले हामीलाई हाम्रो कमजोरी देखाएको छ। यदि नेपालले अब पनि आफ्नो अर्थतन्त्रलाई उत्पादनमुखी बनाउन सकेन, यदि हामी अझै पनि रेमिट्यान्समै निर्भर रह्यौं भने, भविष्यमा आउने हरेक अन्तर्राष्ट्रिय संकटले हामीलाई यस्तै गरी हल्लाइरहनेछ। त्यसैले अब समय आएको छ आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्ने, श्रमलाई सम्मानजनक बनाउने र युवालाई स्वदेशमै सम्भावना दिने।

मध्यपूर्वको युद्धले हामीलाई एउटा कठोर सत्य सम्झाएको छ विदेशमा पसिना बगाउने नेपालीहरू केवल श्रमिक होइनन्, उनीहरू राष्ट्रको आर्थिक मेरुदण्ड हुन्। तर कुनै पनि राष्ट्रले आफ्नो मेरुदण्डलाई असुरक्षित अवस्थामा छोड्न मिल्दैन। राज्य, समाज र प्रवासी समुदाय सबैले मिलेर यो संकटलाई सामना गर्नुपर्छ। शान्ति, स्थिरता र मानवताको पक्षमा उभिनु आजको आवश्यकता हो, किनकि युद्धले कहिल्यै कसैलाई जिताउँदैन यसले केवल पीडा, विनाश र अनिश्चितता मात्र दिन्छ।

नेपालको भविष्य खाडीको रेमिट्यान्समा होइन, आफ्नै भूमि, श्रम र दूरदर्शी नीतिमा निर्भर हुनुपर्छ। यही बाटोले मात्र दीर्घकालीन स्थायित्व, समृद्धि र सम्मानजनक भविष्य सुनिश्चित गर्न सक्छ।

# कसरी सम्भव भयो, ओलीको इलाकामा बालेनको धमाका ?



गंगा बराल

*मुख्य कुरा त 'जेनजी' आन्दोलनमा त्यति धेरै मानिस राज्य पक्षबाट मारिँदा पनि प्रधानमन्त्रीको हैसियतले देशको नाममा सम्बोधन नगर्नु पनि उनी र एमालेका लागि खतराको घण्टी हो ।*

हुन त म पनि हिजोसम्म पूर्वप्रधानमन्त्री तथा नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीको क्षेत्रको मतदाता थिएँ । आज भने राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का वरिष्ठ नेता बालेन्द्र शाहको क्षेत्रको मतदाताका रूपमा परिणत भएको छु । झापा-५ एमालेको उर्वरभूमि नै हो, यहाँ अरूले सामान्य सोचमा निर्वाचन जित्न पनि सक्दैनथे तर बालेनले जुन आँट गरे, त्यसको भने प्रशंसा गर्नुपर्छ ।

हिजोका दिनमा ओलीलाई मतदान गरेर सहयोग गरेकै हो तर यसपटक कसलाई मतदान गरियो भन्ने कुरा नभनेकै राम्रो होला; किनभने अर्को पक्षले भोलिको दिनमा वक्र नजर लगाउने सम्भावना बढी रहन्छ । धेरैले बालेन हार्न गएका होइनन् पनि भन्थे । उनको टोलीले धेरै समयदेखि त्यहाँ पुगेर अध्ययन गरेपछि बालेन निर्वाचनमा प्रतिस्पर्धा गर्ने सोचमा पुगेका हुन् ।

बालेन काठमाडौं महानगरपालिकाको मेयर हुँदा ओलीले जसरी दिनैपिच्छे उनलाई असहयोग गरे, सधैं विरोधमा मात्रै बोलिरहे, कहिले प्रमुख प्रशासकीय अधिकृत नपठाए त कहिले दुर्वाच्य बोलेर असहयोग गरे । त्यसपछि नै ओलीसँग बालेनको प्रतिस्पर्धी सोच आएको हुन सक्ने सिधै अनुमान गर्न सकिन्छ ।

प्रधानमन्त्रीले आफ्नो हैसियत बिर्सेर मेयरसँग झगडा गर्नुले पनि ओलीलाई बालेनले राम्रो काम गर्लान् कि भनेर त्यतिबेलै डर रहेछ ।

प्रधानमन्त्रीले आफ्नो हैसियत बिर्सेर मेयरसँग झगडा गर्नुले पनि ओलीलाई बालेनले राम्रो काम गर्लान् कि भनेर त्यतिबेलै डर रहेछ । त्यति मात्र होइन, त्यो बेला पनि बालेन गएको कार्यक्रममा मानिसको खचाखच भिड हुने र प्रधानमन्त्री ओली जाँदा मान्छे नै नआउने कुराले पनि ओलीलाई बालेनसँग रिस उठेको हुन सक्छ ।

त्यो क्षेत्रको निर्वाचनका बारेमा धेरै कुरा सुनिरहँदा मलाई पनि काठमाडौंबाट सबै काम छोडेर केही दिनअघि नै गाउँ जाउँजस्तो लाग्यो र हानिएँ । बाटोमा जाँदा पनि धेरै जनासँग राजनीतिक गन्थनमन्थन गरियो । एमालेसँग निकट रहेका वा भनौं एमालेबाहेक यो संसारमा केही पनि छैन भन्ने अभिव्यक्ति दिनेहरूसँग पनि विस्तारै कुरा गर्दै गएँ । यो बेलामा उनीहरूको र त्यहाँका प्रतिनिधिसभा उम्मेदवार ओलीको विरोधमा बोल्नु भनेको ज्यानै धरापमा राख्नुजस्तो थियो ।

काठमाडौंमा बसेर पत्रकारिता गर्दै आएकाले भोलिको दिनमा सबैको सहयोग चाहिन्छ भन्ने बुझेर नै मैले प्रायः बोल्नेभन्दा पनि अरूको कुरा सुन्ने नै प्रयास गरेँ । तर कतिपय ठाउँमा बोल्नैपर्ने भएकाले वरपर हेरेर त्यो पनि काम छोडिनँ ।

साँझपख गौरादहको घर पुगेपछि एकसरो गाउँ घुमेँ, जसलाई सोध्दा पनि चुपचाप नै छन् । केहीले भने- 'यसपालि विचार गर्नुपर्छ,' मैले फेरि थपेँ- 'ओली त राष्ट्रवादी नेता, नाकाबन्दीको विरोधमा बोलेको मान्छे, फेरि यो क्षेत्रमा यत्रो विकास गरेका छन् । किन उनलाई भोट नदिने ?'

मेरो यो कुरा सकिन नपाउँदै उसले दिने जवाफ योभन्दा झन् कडा र मैले पनि बुझ्नैपर्ने खालको थियो । हुन त मलाई पनि थाहा थियो- झापाको त्यो क्षेत्रमा भएजस्तो विकास छिमेकी गाउँ र जिल्ला इलाम, पाँचथर, मोरङ, सुनसरीतिर पनि भएको थियो । तर कुनै पनि जिल्लामा ओलीले बाहेक अरू नेताले दमकको जस्तो 'भ्यूटावर' भने बनाउन सकेनन् । यो किन र कसरी बन्यो भन्ने कुरा पनि निर्वाचनको मुखमा प्रस्ट भइसकेको छ ।

जन्मजातै एमाले भन्नेहरू हाम्रो गाउँमा कम छैनन् । उनीहरूको घरमा गएर उनकै चिया र खाजा खाएर कुरा गर्दा पनि कताकता उनीहरूको बोलीमै शंका उत्पन्न हुन्थ्यो । उनीहरूले चुनावी लहरसँगै ओलीले गरेका केही गलत कामको पनि चर्चा गर्थे, जसको मुख्य कुरा चाहिँ गत भदौ २३ र २४ गते भएको 'जेनजी' आन्दोलन थियो ।

चुनावी लहरसँगै ओलीले गरेका केही गलत कामको पनि चर्चा गर्थे, जसको मुख्य कुरा चाहिँ गत भदौ २३ र २४ गते भएको 'जेनजी' आन्दोलन थियो ।

कसैकसैले त 'के फेरि मान्छे मार्न ओलीलाई भोट हाल्ने ?' भनेर मसँग रिस पनि पोखे । यतिबेलासम्म एमाले कता छन् र के गर्दै छन् भन्ने पत्तै पाइँदैनथ्यो । डिपुचोकको कुनै कुनामा बसेर उनीहरू योजना बनाइरहेका हुन्थे, जुन कुरा कसैलाई पनि थाहा हुँदैनथ्यो ।

**चियापसलमा पनि अर्कैको वर्चस्व**

हिजोका दिनमा एमाले बस्ने र चिया खाने पुण्य पौडेलको चियापसलमा त्यतिबेला अरू नै नयाँ शक्तिले आफ्नो प्रभुत्व जमाइसकेको थियो । साँच्चै भन्ने हो भने त्यहाँको चुनावी माहोल श्राद्धजस्तो पनि थिएन । श्राद्धमा त ओल्लोघर, पल्लोघर, नातागोता आउँथे, खाना खाएर निस्कन्थे कोही घरमा छिर्थे, मानिसको आउजाउले 'यहाँ त पक्कै कोही रहेछ' भन्ने हुन्थ्यो । तर त्यतिसम्मको पनि चुनावी माहोल देखिएन ।

यो क्षेत्रमा शाह र ओलीको मात्रै माहोल बनेकाले अरू पार्टीका र स्वतन्त्र उम्मेदवारको जतिसुकै चहलपहल भए पनि त्यसले अर्थ राखेन । 'चुपचाप घण्टी छाप' भनेजस्तै नै भयो । कसले कहाँ मतदान गर्छ अनुमान लगाउन नै सकिँदैनथ्यो तर जसले 'म त यसपालि घण्टीमा भोट हाल्ने' भन्थ्यो, अनि मात्र उसँग अर्काको कुरा मिल्थ्यो र कुनामा बसेर कुराकानी गर्थे ।

काठमाडौं महानगरको मेयर छोडेर शाह ओलीसँग भिड्न जानु पनि चानचुने कुरा थिएन । एमालेले अनुमान गरेभन्दा फरक भयो शाहको त्यो यात्रा । जसरी काठमाडौं महानगरमा मेयर उठ्दा पनि उनलाई जितिन्छ भन्ने सुरुमा निश्चित थिएन, एमालेलाई 'हाम्रा केपी ओली पो हुन्, कसले हराउन सक्छ' भन्ने घमण्ड भयो । त्यो घमण्डलाई मौन ढङ्गले बालेनले चकनाचुर पारिदिए । माघ ६ गते मनोनयन दर्ता गर्ने क्रममा बालेनको पक्षमा उर्लिएको भिडलाई पनि एमालेले अनुमान लगाउन सकेन ।

एमालेलाई 'हाम्रा केपी ओली पो हुन्, कसले हराउन सक्छ' भन्ने घमण्ड भयो । त्यो घमण्डलाई मौन ढङ्गले बालेनले चकनाचुर पारि दिए ।

त्यो दृश्यले 'सातो गएको' एमालेको सातो फर्किन नपाउँदै निर्वाचन भयो, जसको परिणामस्वरूप ओलीको शर्मनाक हार भयो । सामान्य झारफुक गर्ने, सातो बोलाउने, कुखुरा र हाँस मन्छाउने, अण्डा चढाउने काम त एमालेजनले गरे नै तर त्यो पनि प्रभावकारी बन्न सकेन ।

**ओलीमाथि प्रश्नैप्रश्न**

विगतका निर्वाचनमा ओली उम्मेदवारी दर्ता गरेर काठमाडौं फर्कन्थे र पार्टीका कार्यकर्ताले विस्तारै माहोल बनाउँदै जान्थे । त्यतिबेला माहोल ओलीकै पक्षमा भएकाले भइरहेको वातावरणमा थोरै मात्र ऊर्जा थपे पनि पुग्ने अवस्था थियो । तुलनात्मक रूपमा हिजोको दिनमा ओलीको विकल्प नै थिएन । हिजो 'ओलीले हार्नु हुँदैन र उनलाई हराउनु हुँदैन' भन्ने आवाज सुनिन्थ्यो भने अहिलेको निर्वाचनमा 'ओलीले जित्नु हुँदैन' भन्ने मात्र सुनियो । किन त्यसो भनियो, ओलीले समीक्षा गर्लान् र समयले नै बताउला । यतिसम्म कि ३ सय ६४ दिन 'जय नेपाल' भन्ने धेरै कांग्रेसीले पनि ओलीलाई मतदान गर्ने परम्परा पुरानै हो ।

कांग्रेसको नाम लिएर पाउनेजति सबै पद पाए पनि उनीहरू आफूलाई मतदान गर्ने अवस्थाबाहेक सधैं 'सूर्य' लाई नै मतदान गर्दै आएका पहिचान बोकेकाको प्रयासले पनि यसपटक धान्न सकेन । उनीहरूलाई एमालेले आफ्नै मतमा गणना गर्दै आएको थियो ।

आफ्नो पक्षमा माहोल कमजोर छ भनेर गाउँगाउँ पुगेका ओलीलाई जनताले गरेको प्रश्नले उनी झन् कमजोर भए ।

# इनिसाको न्यायका लागि सुर्खेतदेखि न्यूयोर्कसम्म




**काँक्रेविहार संवाददाता**
सुर्खेत, ८ चैत

सुर्खेतकी किशोरी इनिसा विकको रहस्यमय मृत्युले देशभित्र मात्र होइन, अन्तर्राष्ट्रिय स्तरसम्म ध्यान खिचेको छ। बलात्कारपछि हत्या भएको आशंका गरिएको यस घटनामा न्यायको माग गर्दै कर्णालीका सडकदेखि अमेरिकाको न्यूयोर्कसम्म आवाज उठ्न थालेको छ।

न्यूयोर्कको क्विन्सस्थित ज्याक्सन हाइट्सको डाइभर्सिटी प्लाजामा नेपाली समुदायले भेला भई दीप प्रज्वलन गर्दै इनिसाको आत्माको शान्तिको कामना गरेका छन्। उक्त कार्यक्रममा सहभागी अधिकारकर्मी, पत्रकार तथा सामाजिक अभियन्ताहरूले घटनाको निष्पक्ष छानबिन र दोषीलाई कडा कारबाहीको माग गरेका छन्।

गत फागुन २३ गते विद्यालय जान हिँडेकी इनिसा वीरेन्द्रनगर-४ को जनजागरण सामुदायिक वन क्षेत्रमा अचेत अवस्थामा फेला परेकी थिइन्। घटनास्थलबाटै उनका कथित प्रेमी भनिएका एक नाबालक पक्राउ परेका थिए भने प्रहरीले अन्य केही व्यक्तिलाई पनि नियन्त्रणमा लिएर अनुसन्धान अगाडि बढाइरहेको छ।

प्रारम्भिक विवरणअनुसार अत्यधिक रक्तस्रावका कारण मृत्यु भएको देखिएको छ, जसले गम्भीर हिंसात्मक घटनाको आशंका बढाएको छ।

घटनाको संवेदनशीलता मध्यनजर गर्दै नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (ऋक्ष्द्य) ले सुर्खेतमै बसेर विस्तृत अनुसन्धान गरिरहेको छ।

पीडित परिवारले घटनालाई सामूहिक बलात्कारपछि हत्या भएको दाबी गर्दै आएका छन्। उनीहरूले निष्पक्ष छानबिन र दोषीमाथि कडा कारबाहीको माग गर्दै शव बुझ्न अस्वीकार गरेका छन्।

हाल शव प्रदेश अस्पताल सुर्खेतको शवगृहमा राखिएको छ। प्रहरीले अनुसन्धान निष्पक्ष र तथ्यमा आधारित हुने दाबी गरे पनि पीडित पक्षमा न्यायप्रति शंका अझै कायम छ।

प्रभाव र पहुँचका आधारमा दोषी उम्किन सक्ने चिन्ताले घटना झन् संवेदनशील बनेको छ। यसबीच, न्यूयोर्कमा भएको शान्तिपूर्ण प्रदर्शनले नेपाल सरकार र सुरक्षा निकायमाथि छिटो र पारदर्शी न्याय सुनिश्चित गर्न थप दबाब सिर्जना गरेको छ।

इनिसा विक प्रकरण अहिले कर्णाली प्रदेश सरकार र सुरक्षा संयन्त्रका लागि गम्भीर परीक्षा बनेको छ। घटनाको सत्य बाहिर ल्याई दोषीलाई कानुनी दायरामा ल्याउन सके मात्र पीडित परिवार र समाजले न्यायको अनुभूति गर्ने अपेक्षा गरिएको छ।

# हिउँ बर्षासँगै पर्यटक उत्साहित

**काँक्रेविहार संवाददाता**
मुगु, ८ चैत

दुई वर्षसम्म राम्ररी हिउँ पर्न नसकेको हिमाली जिल्ला मुगुमा यस वर्ष बेमौसमी चैतमा भारी हिउँ परेको छ । गत शुक्रबार बिहानदेखि लगातार हिउँ परिरहेको छ ।

अक्सर माइसरको अन्त्यतिर पर्नुपर्ने हिउँ चैतमा परेको हो। मुगुवासीले केही वर्षयता भारी मात्राको हिमपात देख्न पाएका थिएनन् ।

जसका कारण यहाँको कृषि, पर्यटन र जैविक विविधतामा नकारात्मक असर पुऱ्याएको थियो। यहाँ यस वर्ष रारा तालमा हिमपात भएपछि पर्यटक हिउँमा रमाएका छन् ।

रारा राष्ट्रिय निकुञ्ज कार्यालयका अनुसार रारा र मुर्माटपमा शनिबारसम्म हिमपात भइरहेको छ । रारामा होटेल सञ्चालक शान्ति बुढा रोकायाका अनुसार रारा र मुर्माटपमा बिहानैदेखि हिमपात भएपछि आन्तरिक र विदेशी पर्यटक हिउँ खेल्नका लागि बिहानैदेखि आएका छन् ।



रारा राष्ट्रिय निकुञ्ज कार्यालयका कर्मचारी ऋषिकेश यादवका अनुसार यहाँ अहिलेसम्म हिमपातका कारण स्थानीय र पर्यटकको दैनिक जनजीवन प्रभावित भएपनि हिउँका कारण कुनै पनि मानवीय तथा भौतिक क्षति भएको छैन ।

उनले भने रारामा यो आर्थिक वर्षको फागुन मसान्तसम्म ११ हजार १० जना स्वदेशी तथा विदेशी पर्यटकले भ्रमण गरेका छन् ।

छायानाथ रारा नगरपालिका-८ का स्थानीय विर्षबहादुर रोकायाका अनुसार हिमाली क्षेत्रमा अनुकूल समय हिमपात हुनु स्वाभाविक भएपनि यस वर्ष चैतमा हिउँ पर्दा आश्चर्य लागेको छ ।

हिउँले कृषि, पर्यटन र पशुपालन क्षेत्रलाई फाइदा पुग्ने भए पनि बाक्लो हिमपातका कारण स्याउलगायतका बोटबिरुवालाई आंशिक क्षति पुऱ्याएको उनको भनाइ छ ।

चैतमा परेको हिउँले उच्च लेकको चरनक्षेत्रमा पशुपालनका लागि निकै राम्रो हुने भेटेरिनरी अस्पताल तथा पशुसेवा कार्यालयका प्रमुख भीमचद्र बुढाले जानकारी दिए।

यस वर्षको हिमपातले यहाँ स्याउलगायत अन्नबालीलाई राम्रो फाइदा पुग्ने कृषि विकास कार्यालय मुगुका प्रमुख केशव अधिकारीले बताए।

# उद्योग वाणिज्य संघमा नयाँ नेतृत्व चयन

**काँक्रेविहार संवाददाता**
जाजरकोट, ८ चैत

जाजरकोट उद्योग वाणिज्य संघको नयाँ कार्यसमिति निर्विरोध रूपमा चयन भएको छ। निर्वाचन समितिले तय गरेको कार्यतालिका अनुसार मनोनयन दर्ता अवधिभित्र सबै पदमा एकल उम्मेदवारी परेपछि सम्पूर्ण पदाधिकारी र सदस्यहरू बिना प्रतिस्पर्धा निर्वाचित भएका हुन्।

निर्वाचन समितिका अनुसार संघको अध्यक्ष पदमा रमेश के.सी. चयन भएका छन्। त्यस्तै, वरिष्ठ उपाध्यक्षमा मोहन खड्का, उपाध्यक्षमा रेशमबहादुर खड्का, महासचिवमा सूर्यबहादुर रोकाय, कोषाध्यक्षमा दीपक वि.क. र सचिवमा पूर्णबहादुर कार्की चयन भएका छन्।

सदस्य पदमा विनोद कुमार धर्ती, मधुकर हमाल, युवराज शर्मा, मिलन प्रकाश चन्द, हेमन्त कुमार खत्री, शान्तराज हमाल, गणेश वि.स्वामी, मधुमिता शाह र कृष्णकला खड्का चयन भएका छन्। निर्वाचन समितिका संयोजक भीमबहादुर सिंहका अनुसार निर्धारित समयसीमाभित्र सबै पदमा एकल उम्मेदवारी परेकाले कार्यसमिति निर्विरोध बनेको हो।

# दुई वटा उडान गर्ने प्रतिबद्धता सहित ताला खोलियो

**काँक्रेविहार संवाददाता**
जुम्ला, ८ चैत

दुई हप्तादेखि नियमित उडान नभएको र आइतबारको उडान अन्तिम समयमा रद्द भएपछि आक्रोशित यात्रुहरूले नेपाल वायुसेवा निगमको जुम्ला कार्यालयमा ताला लगाएका थिए।

यस विषयमा जिल्ला प्रशासन कार्यालयमा नेपाल पत्रकार महासंघको अगुवाइमा नेपाल एयरलाइन्ससहित सीता, समिट र तारा एयरका नियमित उडानको माग गर्दै ध्यानाकर्षण पत्र बुझाइएको थियो। त्यसपछि भएको छलफलमा विभिन्न कारणले आइतबारको उडान रद्द भएको जानकारी गराउँदै सोमबार दुई वटा उडान गर्ने सहमति भएको हो। निमित्त प्रमुख जिल्ला अधिकारी मिनबहादुर रावलका अनुसार सोमबार रद्द भएको उडानसहित नियमित उडान



गरी दुई उडान सञ्चालन गरिने प्रतिबद्धतापछि ताला खोलिएको हो। साथै, जुम्लामा नियमित हवाई सेवा सुनिश्चित गर्न नेपाल एयरलाइन्ससहित निजी विमान कम्पनीहरूलाई प्रशासनले ध्यानाकर्षण पत्र पठाएको छ।

नेपाल एयरलाइन्सका महानिर्देशक अमृतमान श्रेष्ठले सोमबार जुम्लाका लागि दुई उडान गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्।

उनले नेपालगन्ज स्टेशनलाई बिहान १० देखि ११ बजेसम्म पहिलो उडान र त्यसपछि दिउँसो दोस्रो उडान सञ्चालन गर्न निर्देशन दिइसकेको जनाइएको छ।

नियमित उडानको पहल गर्ने सहमति भएपछि कार्यालयमा लगाइएको ताला खोलिएको नेपाल एयरलाइन्स जुम्लाका स्टेशन इन्चार्ज उकान्त न्यौपानेले जानकारी दिए।

# सुत्केरी आमाको लागि पोषण वितरण

**काँक्रेविहार संवाददाता**
सल्यान, ८ चैत

सुत्केरी आमा र नवजात शिशुको स्वास्थ्य सुधार गर्ने उद्देश्यले कपुरकोट गाउँपालिकाले बृहत पोषण कार्यक्रम अन्तर्गत पोषण कोसेली वितरण गरेको छ। गाउँपालिकाको वडा नम्बर १ र २ भित्रका सुनौलो हजार दिनका ६८ जना आमाहरूलाई पोषणयुक्त सामग्रीसहितको झोला वितरण गरिएको हो।

स्वास्थ्य शाखा प्रमुख सुवास हमालका अनुसार उक्त झोलामा चना, केराउ, सिमी जस्ता गेडागुडी, सर्वोत्तम पिठो, साबुन, नङकाट्ने उपकरण लगायत सरसफाइका सामग्री समावेश गरिएको छ।

यस कार्यक्रमले सुत्केरी आमा र शिशुको पोषण अवस्थामा सुधार ल्याउनुका साथै स्वस्थ खाने बानीको विकास गर्ने लक्ष्य राखेको छ।

कार्यक्रमका क्रममा गाउँपालिका अध्यक्ष दुर्गा बहादुर पुनले आमा र शिशु स्वस्थ भए मात्रै परिवार, समाज र देशको समग्र विकास सम्भव हुने बताए।

उनले यही सोचलाई आत्मसात गर्दै पोषणयुक्त आहार र सरसफाइ सामग्रीसहितको कोसेली वितरण गरिएको स्पष्ट पारे।



उपाध्यक्ष प्रकाश भण्डारीले सुनौलो हजार दिनको अवधिमा पोषण र सरसफाइबारे जनचेतना बढाउने, संस्थागत सुत्केरीलाई प्रोत्साहन गर्ने तथा बालबालिकाको समुचित वृद्धि विकासमा सहयोग पुऱ्याउने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको जानकारी दिए।

गाउँपालिकाले मातृ तथा बाल पोषण सुधारमार्फत होचोपन, पुड्कोपन र कुपोषण न्यूनीकरण गर्ने लक्ष्यसहित विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको जनाएको छ।

प्रारम्भिक बाल्यकालमा पोषणमा गरिएको लगानीले दीर्घकालीन रूपमा व्यक्ति, परिवार र समुदायलाई सकारात्मक प्रभाव पार्ने विश्वासका साथ 'बृहत पोषण कोसेली' कार्यक्रम अघि बढाइएको स्वास्थ्य शाखाले जनाएको छ।

# वर्षौं पछि हिल्सा सडक स्तरोन्नति हुँदै



**काँक्रेविहार संवाददाता**
हुम्ला, ८ चैत

कर्णाली कोरिडोर अन्तर्गत सिमकोट-हिल्सा सडकखण्डमा पर्ने सिमकोट गाउँपालिका-५ र ६ को मानसरोवर माध्यमिक विद्यालयदेखि लाम्नासम्म सडक स्तरोन्नति कार्यले तीव्र गति लिएको छ। लामो समयदेखि रोकिएको काम स्थानीय जग्गाधनीको सहमतिपछि पुनः अगाडि बढाइएको हो। सात वर्षअघि ट्र्याक खोलिए पनि साँघुरो सडकका कारण सवारी सञ्चालनमा कठिनाइ हुँदै आएको थियो।

यस वर्ष भने दुवैतर्फका स्थानीयले सडक विस्तारका लागि सहमति जनाएपछि निर्माण कार्यले गति लिएको हिल्सा-सिमकोट सडक योजनाका प्रमुख बेलबहादुर नेपालीले जानकारी दिए। हाल सडक चौडा पार्ने काम तीव्र रूपमा भइरहेको छ भने ग्याबिन पर्खाल निर्माण पनि जारी छ।

उक्त सडकलाई आठ मिटर चौडाइमा विस्तार गर्ने लक्ष्य राखिएको छ। अहिलेसम्म परियोजनाले ३० प्रतिशत भौतिक र १३ प्रतिशत वित्तीय प्रगति हासिल गरेको जनाएको छ।

पञ्चपुरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
सुर्खेत
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश

- हावाहुरीबाट बचौ र बचाऔं। - घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका धुनौ, छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापाता लगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं, हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।
- हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

**आगलागीबाट बच्नको लागि**

- जुनसुकै स्थानमा धुम्रपान नगर्नुहोस्, धुम्रपान गरिसकेपछि तोकेको स्थानमा आगो निभाएर मात्र फाल्ने गरौं।
- सलाई, लाईटर, मट्टितेल र म्यास जस्तो आगो लाग्ने सामग्रीहरुलाई बच्चाहरुको पहुँचबाट टाढा राख्नुहोस्।
- ग्यास, बिजुलीको स्वीच, मल्टिप्लगको प्रयोग गरिसकेपछि अनिवार्य रुपमा बन्द गर्नुहोस्।
- गाउँघरमा खाना पकाइसकेपछि आगोलाई राम्रो सँग निभाउनुहोस्।
- हावा चल्ने समयमा बाहिर चुल्हो नबाल्नुहोस्, आगो लाग्ने समय भएकोले विशेष सावधानी अपनाउनुहोस्।
- घाँस र दाउराको लागि जंगलमा जाँदा आगो लाग्ने सामाग्रीहरु पूर्ण रुपमा निषेध गर्नुहोस्।
- गहुँ काटिसकेपछि गहुँ अवशेषलाई आगो नलगाउनुहोस्, किनकी यस्तो कार्यले गहुँबालीको साथै गाउँघरमा आगो लाग्न गई जनधनको समेत क्षति हुने भएको हुँदा विशेष सावधानी अपनाउनुहोस्।
- यस्तो समयमा आगो लाग्ने घटनाबाट आफु पनि बचौं र अरुलाई पनि बचाऔं।
- घर वरिपरि झारपात जम्मा हुन नदिऔं।

**दुषित पानीका कारण हुने रोगप्रति सजग रहौं**

- फोहर पानी पिउनाले झाडापखाला, हैजा, टाइफाइड, आउँ, जण्डिसजस्ता रोग लाग्न सक्छा त्यसैले :
- खोला, धारा वा मुलको पानी सिधै नपिऔं। - पानी उमालेर मात्र पिऔं।
- उमाल्न सम्भव नभएमा करण गरेर मात्र पिऔं।
- पिउने पानीलाई सफा भाँडामा छोपेर राखौं र सफा भाँडाले पानी झिक्ने गरौं।
- पानीको स्रोत तथा वितरण प्रणाली सफा राखौं। - पानीका मुहान तथा स्रोतलाई सफा र सुरक्षित राखौं।
- खानेपानीको मुहान तथा स्रोतमा गाईवस्तु, चराचुरुङ्गी तथा अन्य जीवजन्तु छिर्न नसक्ने गरी तारबार गरौं।
- पानीको मूल, पानी प्रशोधन यन्त्र तथा पानी भण्डारण गर्ने ट्याङ्की समयसमयमा सफा गरौं।
- घर तथा सार्वजनिक स्थलका पानी ट्यांकी, धाराका टुटी तथा पानी संकलन गरिएका भाँडा समयसमयमा सफा गरौं।

बराहताल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
सुर्खेत
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश

- हावाहुरीबाट बचौ र बचाऔं। - घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका धुनौ, छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापाता लगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं, हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।
- हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

**आगलागीबाट बच्नको लागि**

- जुनसुकै स्थानमा धुम्रपान नगर्नुहोस्, धुम्रपान गरिसकेपछि तोकेको स्थानमा आगो निभाएर मात्र फाल्ने गरौं।
- सलाई, लाईटर, मट्टितेल र म्यास जस्तो आगो लाग्ने सामग्रीहरुलाई बच्चाहरुको पहुँचबाट टाढा राख्नुहोस्।
- ग्यास, बिजुलीको स्वीच, मल्टिप्लगको प्रयोग गरिसकेपछि अनिवार्य रुपमा बन्द गर्नुहोस्।
- गाउँघरमा खाना पकाइसकेपछि आगोलाई राम्रो सँग निभाउनुहोस्।
- हावा चल्ने समयमा बाहिर चुल्हो नबाल्नुहोस्, आगो लाग्ने समय भएकोले विशेष सावधानी अपनाउनुहोस्।
- घाँस र दाउराको लागि जंगलमा जाँदा आगो लाग्ने सामाग्रीहरु पूर्ण रुपमा निषेध गर्नुहोस्।
- गहुँ काटिसकेपछि गहुँ अवशेषलाई आगो नलगाउनुहोस्, किनकी यस्तो कार्यले गहुँबालीको साथै गाउँघरमा आगो लाग्न गई जनधनको समेत क्षति हुने भएको हुँदा विशेष सावधानी अपनाउनुहोस्।
- यस्तो समयमा आगो लाग्ने घटनाबाट आफु पनि बचौं र अरुलाई पनि बचाऔं।
- घर वरिपरि झारपात जम्मा हुन नदिऔं।

**दुषित पानीका कारण हुने रोगप्रति सजग रहौं**

- फोहर पानी पिउनाले झाडापखाला, हैजा, टाइफाइड, आउँ, जण्डिसजस्ता रोग लाग्न सक्छा त्यसैले :
- खोला, धारा वा मुलको पानी सिधै नपिऔं। - पानी उमालेर मात्र पिऔं।
- उमाल्न सम्भव नभएमा करण गरेर मात्र पिऔं।
- पिउने पानीलाई सफा भाँडामा छोपेर राखौं र सफा भाँडाले पानी झिक्ने गरौं।
- पानीको स्रोत तथा वितरण प्रणाली सफा राखौं। - पानीका मुहान तथा स्रोतलाई सफा र सुरक्षित राखौं।
- खानेपानीको मुहान तथा स्रोतमा गाईवस्तु, चराचुरुङ्गी तथा अन्य जीवजन्तु छिर्न नसक्ने गरी तारबार गरौं।
- पानीको मूल, पानी प्रशोधन यन्त्र तथा पानी भण्डारण गर्ने ट्याङ्की समयसमयमा सफा गरौं।
- घर तथा सार्वजनिक स्थलका पानी ट्यांकी, धाराका टुटी तथा पानी संकलन गरिएका भाँडा समयसमयमा सफा गरौं।

# भौतिक पूर्वाधारमै केन्द्रित कर्णालीको शिक्षा, गुणस्तर सुधार चुनौतीपूर्ण




❐ काँक्रेविहार संवाददाता
सुर्खेत, ८ चैत

कर्णाली प्रदेशको शिक्षा क्षेत्रमा भौतिक पूर्वाधार निर्माणमा बढी ध्यान दिइँदा गुणस्तर सुधार र शैक्षिक अधिकार कार्यान्वयन ओझेलमा परेको सरोकारवालाहरूले बताएका छन् ।

सिभिल सोसाइटी इम्पावरमेन्ट फर एकाउन्टेबल एजुकेशन परियोजना अन्तर्गत कारखाना समूह, शिक्षक मासिक र शिक्षा नीति तथा अभ्यास केन्द्रद्वारा वीरेन्द्रनगरमा आयोजित 'कर्णालीमा शिक्षाका सवालहरूमा प्रदेशको भूमिका' विषयक छलफल कार्यक्रममा सहभागीहरूले प्रदेश सरकार स्पष्ट कार्यक्षेत्र अभावका कारण भवन निर्माणमै सीमित भएको टिप्पणी गरेका हुन् ।

कार्यक्रममा कर्णाली प्रदेशका सामाजिक विकास मन्त्री घनश्याम भण्डारीले विद्यालय शिक्षा स्थानीय तहको अधिकार क्षेत्रभित्र पर्ने भए पनि प्रदेश सरकारले विद्यालय र क्याम्पसका भवन निर्माणमै ठूलो बजेट खर्च भएको बताएका छन् ।

स्थानीय तह तथा निर्वाचन क्षेत्रबाट आउने योजनामध्ये ९० प्रतिशतभन्दा बढी भवन निर्माणसम्बन्धी हुने भएकाले प्रदेश सरकार 'घर बनाउने' काममै केन्द्रित हुन पुगेको उनको भनाई रहेको थियो । संघीय सरकारले हेर्नुपर्ने ४५ सामुदायिक र १५ आङ्गिक क्याम्पसको भौतिक संरचना निर्माणको काम समेत प्रदेश सरकारले गरिरहेको छ ।

शिक्षाविद् टिका भट्टराईले प्रदेश सरकारले आफ्नो स्पष्ट राजनीतिक भूमिका महसुस गर्न नसकेको बताउँदै शिक्षा अझै प्राथमिकतामा नपरेको टिप्पणी गरे । विद्यालयहरूले गुणस्तरीय शैक्षिक सामग्री माग्ने वातावरणसमेत बन्न नसकेको उनको भनाइ थियो ।

साथै, कर्णालीका मौलिक विषयवस्तु र जीवनशैलीलाई उच्च शिक्षाको पाठ्यक्रममा समावेश गर्नुपर्नेमा उनले जोड दिन आग्रह गरेका छन् । छलफलमा भाषा र सांस्कृतिक पहिचानको विषय पनि उठाइएको थियो । स्थानीय भाषाका कारण नागरिकमा हिनताबोध हुने अवस्था रहेको उल्लेख गर्दै मातृभाषालाई शिक्षाको माध्यम बनाउनुपर्ने सुझाव दिइयो ।

मन्त्री भण्डारीले भने खस भाषाको करिब ४० हजार शब्द समेटिएको शब्दकोश प्रकाशन भइसकेको र व्याकरण निर्माण अन्तिम चरणमा रहेको जानकारी दिए ।

प्राविधिक शिक्षातर्फ कर्णालीको अवस्था मिश्रित रहेको देखिएको छ । कृषि तथा वन विज्ञान विषयमा विद्यार्थी अभावका कारण देशभरिका ८ आङ्गिक कलेज बन्द हुने अवस्थामा पुगेका छन् भने मेडिकल शिक्षामा आकर्षण बढ्दै गएको छ । गुर्वाकोटस्थित गुर्वाकोट प्राविधिक शिक्षालयको नर्सिङमा यस वर्ष ४० विद्यार्थी भर्ना भएको र तीमध्ये ८० प्रतिशत कर्णालीकै रहेको मन्त्री भण्डारीले बताए । कार्यक्रममा पत्रकारहरूले मन्त्रालयबाट तथ्यांक र सूचना प्राप्त गर्न कठिनाइ भएको गुनासो गरेका थिए । यसप्रति मन्त्री भण्डारीले प्रशासनिक कमजोरी स्वीकार गर्दै समन्वय सुधार गर्ने प्रतिबद्धता जनाए ।

# लक्ष्यअनुसार राजस्व संकलन हुनसकेन

❐ काँक्रेविहार संवाददाता
नेपालगञ्ज, ८ चैत

नेपालगन्ज भन्सार कार्यालयले चालु आर्थिक वर्षको पहिलो आठ महिनामा लक्ष्यको झण्डै ५२ प्रतिशत मात्र राजस्व सङ्कलन गरेको छ ।

कार्यालयका प्रमुख जनार्दन पौडेलका अनुसार आव २०८२/८३ का लागि निर्धारण गरिएको रु २४ अर्ब ५४ करोडभन्दा बढी वार्षिक लक्ष्यमध्ये फागुन मसान्तसम्म रु १२ अर्ब ७५ करोडभन्दा बढी राजस्व उठेको छ, जुन कुल लक्ष्यको ५१.९७ प्रतिशत हो ।

अब बाँकी चार महिनामा करिब ४८ प्रतिशत राजस्व सङ्कलन गर्नुपर्ने चुनौती रहेको उनले बताए । मासिक लक्ष्यअनुसार हेर्दा चालु आवको कुनै पनि महिनामा लक्ष्य पूरा हुन सकेको छैन ।

साउनदेखि माघसम्मका महिनामा राजस्व सङ्कलन क्रमशः लक्ष्यको ७४, ६९, ८७, ७२, ८३, ८३ र ८८ प्रतिशत मात्र भएको छ ।

अघिल्लो आर्थिक वर्ष २०८१/८२ मा ७४.६४




प्रतिशत र त्यसअघि २०८०/८१ मा ६३.३५ प्रतिशत राजस्व सङ्कलन भएको थियो ।

नेपाल-भारत सीमास्थित जमुनाहा नाकामा एकीकृत जाँच चौकी सञ्चालनमा आएपछि आयात-निर्यात वृद्धि भई राजस्व बढ्ने अपेक्षा गरिएको भए पनि पछिल्ला वर्षहरूमा लक्ष्यअनुसार प्रगति हुन सकेको छैन ।

कार्यालयको तथ्याङ्कअनुसार विभिन्न महिनामा लक्ष्यभन्दा कम राजस्व सङ्कलन भएको देखिएको छ, जसले समग्र लक्ष्य प्राप्तिमा चुनौती थपिएको छ ।

# वर्षाका कारण इँटामा नोक्सान, व्यवसाय चिन्तित

❐ काँक्रेविहार संवाददाता
धनगढी, ८ चैत

बेमौसमी वर्षाले काँचो इँटामा ठुलो नोक्सान गरेपछि इँटा व्यवसायी चिन्तित् भएका छन् । इँटाले मूल्य नपाइरहेको अवस्थामा बेमौसमी वर्षाले झन क्षति बेहोर्नु परेको भन्दै उनीहरु चिन्तित् भएका हुन ।

प्री-मनसुन अवधिमा शुक्रबार भएको वर्षाले काँचो इँटा पूर्ण रुपमा नष्ट भइ इँटा उद्योगमा ठुलो क्षति भएको छ ।

जिल्लाभरी करिब सात करोड रुपियाँ बराबरको क्षति भएको सेती महाकाली इँटा उद्योग व्यवसायी संघ कैलालीले जानकारी दिएको छ ।

प्रत्येक इँटा उद्योगमा पाँच लाखदेखि सात लाखसम्म काँचो इँटा नष्ट भएको संघका अध्यक्ष विनोदकुमार साहले बताए ।



उनका अनुसार जिल्लाभरी ५२ वटा इँटा उद्योग रहेका छन् ।

अध्यक्ष साहले हरेक उद्योगमा १२ लाखदेखि १३ लाख रुपियाँसम्मको क्षति भएको उल्लेख गरे । भट्टीमा हाल्न नपाएका सबै काँचो इँटा नोक्सान भएपछि हामी व्यवसायीले ठुलो नोक्सान बेहोरेका छौं अध्यक्ष साहले भने ।

माटो त काम लाग्न सक्छ । तर, मजदुरमा लागेको खर्च नोक्सान भयो । इँटा बनाउन प्रतिइँटा तीन रुपियाँ मजदुर खर्च लाग्ने गरेको जनाइएको छ ।

# ३३ सवारी दुर्घटनामा चारको मृत्यु, ४६ घाइते

❐ काँक्रेविहार संवाददाता
बाँके, ८ चैत

जिल्ला प्रहरी कार्यालय बाँकेका अनुसार फागुन महिनामा ३३ वटा सवारी दुर्घटना हुँदा ४८ वटा सवारी साधन संलग्न भएका थिए । ती दुर्घटनामा चार जनाको मृत्यु भएको र ४६ जना घाइते भएको मासिक प्रतिवेदनमा उल्लेख गरिएको छ । प्रहरी नायब उपरीक्षक तथा प्रवक्ता दीपक पातलीका अनुसार अधिकांश दुर्घटना तीव्र गतिका कारण भएको पाइएको छ ।

कुल दुर्घटनामध्ये २४ वटा तीव्र गतिका कारण भएका छन् भने चालकको लापरवाहीका कारण छ वटा, मादक पदार्थ सेवनका कारण एउटा र छाडा चौपायाका कारण एउटा दुर्घटना भएको जनाइएको छ । प्रहरीले ट्राफिक सचेतना कार्यक्रम र चेकजाँचलाई कडा बनाए पनि तीव्र गतिमा सवारी चलाउने प्रवृत्ति नियन्त्रण हुन नसक्दा दुर्घटना न्यूनीकरणमा चुनौती देखिएको उनले बताए । यसैबीच, फागुन महिनामा ट्राफिक नियम उल्लङ्घन गर्ने एक हजार ६४१ सवारी साधनमाथि कारबाही गरिएको छ । सो कारबाहीबाट १३ लाख ८२ हजार ५०० रुपैयाँ राजस्व सङ्कलन भएको प्रहरीले जनाएको छ । जिल्ला ट्राफिक प्रहरी कार्यालय बाँकेका प्रमुख प्रहरी निरीक्षक कनक शाहीले तीव्र गति र मादक पदार्थ सेवन गरेर सवारी चलाउनेमाथि निगरानी बढाइएको जानकारी दिए । साथै, ट्राफिक प्रहरीले विभिन्न स्थानमा नियमित रूपमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आएको पनि उनले बताए ।

# प्रधानमन्त्रीसमक्ष निर्वाचन सम्बन्धी प्रतिवेदन पेस

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, ८ चैत

निर्वाचन आयोगले प्रतिनिधि सभा सदस्य निर्वाचन २०८२ को मत परिणामसहितको प्रतिवेदन प्रधानमन्त्री सुशीला कार्कीसमक्ष पेस गरेको छ । आइतबार कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारी, आयुक्तहरू डा. जानकी कुमारी तुलाधर र सगुन शम्शेर जबरा तथा आयोगका सचिव कृष्णबहादुर राउतलगायतका पदाधिकारी बालुवाटार पुगेर प्रतिवेदन पेस गरेका हुन् ।

डुङ्गेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
दैलेख
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश

- हावाहुरीबाट बचौ र बचाऔं । - घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका धुनौ, छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापाता लगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं, हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं ।
- हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं ।

**आगलागीबाट बच्नको लागि**

- जुनसुकै स्थानमा धुम्रपान नगर्नुहोस्, धुम्रपान गरिसकेपछि तोकेको स्थानमा आगो निभाएर मात्र फाल्ने गरौं ।
- सलाई, लाईटर, मट्टितेल र म्यास जस्तो आगो लाग्ने सामग्रीहरुलाई बच्चाहरुको पहुँचबाट टाढा राख्नुहोस् ।
- ग्यास, बिजुलीको स्वीच, मल्टिप्लगको प्रयोग गरिसकेपछि अनिवार्य रुपमा बन्द गर्नुहोस् ।
- गाउँघरमा खाना पकाइसकेपछि आगोलाई राम्रो सँग निभाउनुहोस् ।
- हावा चल्ने समयमा बाहिर चुल्हो नबाल्नुहोस्, आगो लाग्ने समय भएकोले विशेष सावधानी अपनाउनुहोस् ।
- घाँस र दाउराको लागि जंगलमा जाँदा आगो लाग्ने सामाग्रीहरु पूर्ण रुपमा निषेध गर्नुहोस् ।
- गहुँ काटिसकेपछि गहुँ अवशेषलाई आगो नलगाउनुहोस्, किनकी यस्तो कार्यले गहुँबालीको साथै गाउँघरमा आगो लाग्न गई जनधनको समेत क्षति हुने भएको हुँदा विशेष सावधानी अपनाउनुहोस् ।
- यस्तो समयमा आगो लाग्ने घटनाबाट आफु पनि बचौं र अरुलाई पनि बचाऔं ।
- घर वरिपरि झारपात जम्मा हुन नदिऔं ।

**दुषित पानीका कारण हुने रोगप्रति सजग रहौं**

- फोहर पानी पिउनाले झाडापखाला, हैजा, टाइफाइड, आउँ, जण्डिसजस्ता रोग लाग्न सक्छा त्यसैले :
- खोला, धारा वा मुलको पानी सिधै नपिऔं । - पानी उमालेर मात्र पिऔं ।
- उमाल्न सम्भव नभएमा करण गरेर मात्र पिऔं ।
- पिउने पानीलाई सफा भाँडामा छोपेर राखौं र सफा भाँडाले पानी झिक्ने गरौं ।
- पानीको स्रोत तथा वितरण प्रणाली सफा राखौं । - पानीका मुहान तथा स्रोतलाई सफा र सुरक्षित राखौं ।
- खानेपानीको मुहान तथा स्रोतमा गाईवस्तु, चराचुरुङ्गी तथा अन्य जीवजन्तु छिर्न नसक्ने गरी तारबार गरौं ।
- पानीको मूल, पानी प्रशोधन यन्त्र तथा पानी भण्डारण गर्ने ट्याङ्की समयसमयमा सफा गरौं ।
- घर तथा सार्वजनिक स्थलका पानी ट्यांकी, धाराका टुटी तथा पानी संकलन गरिएका भाँडा समयसमयमा सफा गरौं ।

महाबु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
दैलेख
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश


- हावाहुरीबाट बचौ र बचाऔं । - घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका धुनौ, छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापाता लगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं, हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं ।
- हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं ।

**आगलागीबाट बच्नको लागि**

- जुनसुकै स्थानमा धुम्रपान नगर्नुहोस्, धुम्रपान गरिसकेपछि तोकेको स्थानमा आगो निभाएर मात्र फाल्ने गरौं ।
- सलाई, लाईटर, मट्टितेल र म्यास जस्तो आगो लाग्ने सामग्रीहरुलाई बच्चाहरुको पहुँचबाट टाढा राख्नुहोस् ।
- ग्यास, बिजुलीको स्वीच, मल्टिप्लगको प्रयोग गरिसकेपछि अनिवार्य रुपमा बन्द गर्नुहोस् ।
- गाउँघरमा खाना पकाइसकेपछि आगोलाई राम्रो सँग निभाउनुहोस् ।
- हावा चल्ने समयमा बाहिर चुल्हो नबाल्नुहोस्, आगो लाग्ने समय भएकोले विशेष सावधानी अपनाउनुहोस् ।
- घाँस र दाउराको लागि जंगलमा जाँदा आगो लाग्ने सामाग्रीहरु पूर्ण रुपमा निषेध गर्नुहोस् ।
- गहुँ काटिसकेपछि गहुँ अवशेषलाई आगो नलगाउनुहोस्, किनकी यस्तो कार्यले गहुँबालीको साथै गाउँघरमा आगो लाग्न गई जनधनको समेत क्षति हुने भएको हुँदा विशेष सावधानी अपनाउनुहोस् ।
- यस्तो समयमा आगो लाग्ने घटनाबाट आफु पनि बचौं र अरुलाई पनि बचाऔं ।
- घर वरिपरि झारपात जम्मा हुन नदिऔं ।

**दुषित पानीका कारण हुने रोगप्रति सजग रहौं**

- फोहर पानी पिउनाले झाडापखाला, हैजा, टाइफाइड, आउँ, जण्डिसजस्ता रोग लाग्न सक्छा त्यसैले :
- खोला, धारा वा मुलको पानी सिधै नपिऔं । - पानी उमालेर मात्र पिऔं ।
- उमाल्न सम्भव नभएमा करण गरेर मात्र पिऔं ।
- पिउने पानीलाई सफा भाँडामा छोपेर राखौं र सफा भाँडाले पानी झिक्ने गरौं ।
- पानीको स्रोत तथा वितरण प्रणाली सफा राखौं । - पानीका मुहान तथा स्रोतलाई सफा र सुरक्षित राखौं ।
- खानेपानीको मुहान तथा स्रोतमा गाईवस्तु, चराचुरुङ्गी तथा अन्य जीवजन्तु छिर्न नसक्ने गरी तारबार गरौं ।
- पानीको मूल, पानी प्रशोधन यन्त्र तथा पानी भण्डारण गर्ने ट्याङ्की समयसमयमा सफा गरौं ।
- घर तथा सार्वजनिक स्थलका पानी ट्यांकी, धाराका टुटी तथा पानी संकलन गरिएका भाँडा समयसमयमा सफा गरौं ।




काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८५८०५०५०५, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)